## कालीमाटी गाउँ कार्यपालिकाको १७ औं बैठक

आज मिति २०८२।०३।०८ गते आइतबारका दिन विहान ८.०० बजे गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर खत्री के.सी. ज्यूको अध्यक्षतामा तपसिल पदाधिकारीहरुको उपस्थितिमा बैठक बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति:

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दान बहादुर खत्री के.सी. | अध्यक्ष | |
| २ | श्री सनसिल्ता वली डि.सी. | उपाध्यक्ष | |
| ३ | श्री यज्ञ बहादुर खत्री | सचिव | |
| ४ | श्री रविलाल बस्नेत | कार्यपालिका सदस्य | |
| ५ | श्री ईन्द्र बहादुर वली | कार्यपालिका सदस्य | |
| ६ | श्री शिव बहादुर खत्री | कार्यपालिका सदस्य | |
| ७ | श्री वेल बहादुर चन्द | कार्यपालिका सदस्य | |
| ८ | श्री टोप बहादुर कार्की | कार्यपालिका सदस्य | |
| ९ | श्री टेकराज पुलामी मगर | कार्यपालिका सदस्य | |
| १० | श्री मित्रलाल रिजाल | कार्यपालिका सदस्य | |
| ११ | श्री सुमित्रा राना | कार्यपालिका सदस्य | |
| १२ | श्री लक्ष्मी सुनार | कार्यपालिका सदस्य | |
| १३ | श्री टंकी परियार | कार्यपालिका सदस्य | |
| १४ | श्री डिल्ली कामी | कार्यपालिका सदस्य | |
| १५ | श्री तिल कुमारी कामी | कार्यपालिका सदस्य | तिल |
| १६ | श्री विष्णु वली राजी | कार्यपालिका सदस्य | |

सहयोगी कर्मचारीहरु

| | | | |
|---|---|---|---|
| १ | श्री दीप बहादुर वली | एमआइएस अपरेटर | |
| २ | श्री छविलाल खत्री | कार्यालय सहयोगी | |

प्रस्तावहरु:

१. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।

२. बालविकास सहजकर्ताको तलव सम्बन्धमा ।

३. वडा स्तरीय योजना तथा रोजगार योजना सम्बन्धमा।

४. कृषि अधिकृतको नियुक्ति सम्बन्धमा ।

५. बजेट संशोधन तथा रकमान्तर सम्बन्धमा ।

निर्णयहरु:

निर्णय नं. १

कालिमाटी गाउँपालिका गाउँ कार्यपालिकाको १६ औं बैठकले गरेका निर्णयहरुको समीक्षा गरि निर्णयहरुको कार्यान्वयन सन्तोषजनक रुपमा भैरहेको पाईयो ।

निर्णय नं. २

कालिमाटी गाउँपालिका अन्तर्गत रहेका करार कर्मचारी, विद्यालयै वालविकास सहजकर्ताहरु लागि गठित तलब समायोजन समितिले मिति २०८२।०३।०४ गते गरेका निर्णहरु अनुमोदन ग कालिमाटी गाउँपालिकाको १८ औं गाउँसभामा पेश गर्ने नर्णिय गरयो ।

निर्णय नं.३

कालिमाटी गाउँपालिका र प्रधामन्त्री रोजगारकार्यक्रम अन्तर्गत लागत साझेदारीमा कार्यान्वयन योजना तयार पारी १८ औं गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.४

कर्णाली प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय वीरेन्द्रनगर सुर्खेतको पत्र सं ३/१/२०८१/०८२ (प्रशासन) च. नं. ३४४४ मिति २०८२/०२/२८ को सिफारिस सम्बन्ध पत्रानुसार स्थानीय कृषि सेवा, कृषि समूह, अधिकृत सातौं तह, कृषि विकास अधिकृत सिफारिस हुनु भएका श्री प्रमिला शर्मा (शारदा ८ सल्यान) लाई स्थानीय सेवा गठन तथा स ऐन २०८१ को दफा १५ (१) बमोजिम नियुक्ति तथा पदस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं.५

कालिमाटी गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ मा रहेका तपसिल बमोजिमका कार्यक्रम तथा बजेट तपसिल बमोजिम संशोधन गरी रकमान्तर गर्ने निर्णय गरियो ।

| क्र स | कार्यक्रम शीर्षक | स्रोत | घटाउने बजेट | नयाँ कार्यक्रम तथा योजना | बजेट |
|---|---|---|---|---|---|
| १ | औषधी उपचार | संघीय समानीकरण | १ लाख ५० हजार | विविध | १ लाख १० हजार |
| | | | | सूचना प्रकाशन तथा प्रशारण | ४० हजार |
| २ | जगेना फारुला किमिरे कालोखोला सडक स्तरोउन्नति | आन्तरिक स्रोत | ६ लाख ६० हजार | वडा नं.४ एचडिपि पाइप खरिद | ६४ हजार |
| | | | | वडा नं. २ एचडिपि पाइप खरिद तथा पानी ट्याङ्की खरिद | १ लाख |
| | | | | वडा नं. ७ बाटुले घेरवार योजना | ४ लाख ९६ हजार |
| ३ | पारिश्रमिक कर्मचारी पालिका स्वास्थ्य | आन्तरिक | १ लाख २९ हजार | स्यानेटरी प्याड खरिद | १ लाख २९ हजार |